Bouddhik Abhiyan: A Multidisciplinary Peer-reviewed Journal
Vol.VIII, Issue 1: PP 1-12, 2023, July
ISSN: 25050915 (Print)
DOI: https://doi.org/10.3126/bdkan.v8i01.57781
Nepal Progressive Professors' Association, Koshi Province, Nepal

---

# युद्ध कथामा पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतना

ईश्वरा पौडेल[1*]

[1]*उपप्राध्यापक (नेपाली), त्रि. वि., डिग्री क्याम्पस, विराटनगर, मोरङ*

[*]*इमेलः* ***ishwaraojha@gmail.com***

**लेखसार**

*प्रस्तुत लेखमा कथाकार माया ठकुरीद्वारा रचित 'युद्ध' कथालाई पहिचान, प्रतिनिधित्व तथा प्रतिरोधको आधारमा विश्लेषण गरिएको छ । यस लेखमा तथ्य विश्लेषण गर्न सांस्कृतिक अध्ययनका विविध पक्षमध्येमा पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतनासम्बन्धी मान्यतालाई सैद्धान्तिक आधारका रूपमा ग्रहण गरिएको छ । लैङ्गिक दृष्टिले भिन्न पहिचान भएका महिला पात्रको प्रतिनिधित्व र लैङ्गिक आधारमा गरिने प्रतिरोध चेतना कसरी प्रस्तुत भएको छ भन्ने प्रश्नका आधारमा कथाको विश्लेषण गर्नु यस लेखनको उद्देश्य रहेको छ । पुस्तकालीय विधिबाट सङ्कलित शाब्दिक सामग्रीलाई आधार मानेर लेखिएको गुणात्मक प्रकृतिको यस लेखमा 'युद्ध' कथामा रहेको नारी पात्रको सामाजिक अवस्था, शोषणसम्बन्धी चेतना र त्यसको प्रतिकारको आवाजको विश्लेषण गरिएको छ । 'युद्ध' कथामा रहेको कथ्यले समाजमा पितृसत्ता र यसको वर्चश्व जोगाउनका लागि पुरुषले गरेको हदैसम्मको निकृष्ट सोच र व्यवहारलाई समेटेको छ । यस कथामा रहेका महिला पात्रमाथि सामाजिक तथा पारिवारिक रूपले विभेद र शोषणको अवस्था र त्यसैमा रहेको महिला पात्रको पहिचानको चित्रण गरेको छ । कथकी नारी पात्रले समाजमा नारीलाई भोग्या र खेलौना ठान्ने प्रवृत्तिको विरोध मात्र गरेकी छैन, यस्तो प्रवृत्तिको खुलेर प्रतिरोध गरेकी छे र पुरुष समाजका घृणित व्यवहारको भन्डाफोर गर्न युद्ध नै छेडेकी छे । समाजको पितृसत्ताले बनाएका नियमहरू र समाजमा सन्तानको चाहना र यसका लागि गरिएको घृणित प्रपन्चका विरोधमा प्रतिकारमा उत्रिएकी नारी पात्रको लैङ्गिक पहिचान भिन्न प्रकारको र उसको सचेत बौद्धिक चेतना र सोहीअनुसारका सुझबुझपूर्ण गतिविधिले उसले शाहसी महिलाको प्रतिनिधित्व गरेको*

*स्पष्ट हुन्छ । अतः 'युद्ध' कथामा समाजका यस्ता लैंगिक दृष्टिले हुने विसङ्गत र निन्दनीय सोच र कार्यको विरोधमा सचेत र सशक्त प्रतिरोध देखापर्छ ।*

*मुख्य शब्द :* प्रतिनिधित्व, पहिचान, प्रतिरोध चेतना, वर्चश्व, पितृसत्ता

## परिचय

'युद्ध' कथा माया ठकुरीले लेखेको सामाजिक विषयमा आधारित कथा हो । यस कथामा नारीलाई समाजले हेर्ने दृष्टिकोण र समाजमा सन्तान उत्पादन नभएपछि नारी प्रतिको दृष्टिकोण र त्यसको प्रतिकारको चित्रण भएको छ । समाजमा रहेको लैङ्गिक शोषणको अवस्था र त्यसको हद नाघेपछिको नारी पात्रको प्रतिरोधी विद्रोहको चेतना यस कथामा सशक्त रूपमा देखा परेको छ । समाजमा नारीमाथि पुरुषले गर्ने व्यवहार र नारीहरूमाथि गरेको शोषण र उत्पीडनमा बाँच्ने नारीको पहिचानमूलक प्रतिनिधित्व 'युद्ध' कथामा भएको छ । यसमा नारी शोषणको चरम रूप र त्यसका विरोधमा उत्रिएकी आँटिली महिलाको प्रतिरोधको चेतना र कार्यको चित्रण भएको देखिन्छ ।

'युद्ध' कथामा महिलाको पहिचान, प्रतिनिधित्व र प्रतिरोधी चेतनाको अवस्था कस्तो छ र यो कसरी अभिव्यक्ति भएको छ भन्ने समस्या नै यस लेखमा विषय विश्लेषणको मुख्य केन्द्रविन्दु हो । कथामा चित्रित महिला पात्रको लैङ्गिक दृष्टिले पहिचान, प्रतिनिधित्व र प्रतिरोधी चेतना र कार्यको अवस्थाको उत्खनन गर्ने उद्देश्यले तयार पारिएको यस लेखमा सांस्कृतिक दृष्टिले समाजमा रहेको महिलाको पहिचान, प्रतिनिधित्व र प्रतिरोधको अवस्थालाई कथामा खोजिएको छ । लेखका लागि सामग्री सङ्कलन गर्न पुस्तकालयीय विधिमार्फत् प्राथमिक स्रोतबाट 'युद्ध' कथालाई र द्वितीयक स्रोतबाट सांस्कृतिक अध्ययनका पहिचान, प्रतिनिधित्व र प्रतिरोधको मान्यतालाई लिइएको छ । कथाको विश्लेषणका लागि सांस्कृतिक अध्ययनको अवधारणाभित्रका पहिचान, प्रतिनिधित्व र प्रतिरोधलाई मुख्य आधारका रूपमा लिइएको छ ।

'युद्ध' कथामा प्रतिनिधित्व, पहिचान र प्रतिरोध चेतना शीर्षकमा तयार पारिएको प्रस्तुत लेखमा कथामा रहेका पात्रको भूमिका र गतिविधिलाई आधार मानेर तथ्यको विश्लेषण गरिएको छ । यो आलेख तयार पार्नका लागि पुस्तकालयबाट शाब्दिक तथ्याङ्कहरूको सङ्कलन गरेर ती तथ्याङ्कको विश्लेषण गरिएको छ । लेखमा सामग्री विश्लेषणका लागि सीमान्तीय अध्ययनका पहिचान, प्रतिनिधित्व र प्रतिरोध चेतनालाई सैद्धान्तिक आधार मानिएको छ । सामग्रीको विश्लेषण गर्न वर्णनात्मक विधि अवलम्बन गरिएको छ ।

***सैद्धान्तिक पर्याधार***

सांस्कृतिक अध्ययनका क्रममा प्रयोगमा आउने प्रमुख पक्षहरूमध्ये पहिचान, प्रतिनिधित्व र प्रतिरोध सीमान्तीयतासँग सम्बन्धित शब्दहरू हुन् । साहित्यिक कृतिमा सीमान्तीय पात्रको अवस्थिति र तिनको विशेष चिनारी बुझ्नका लागि यी शब्द अपरिहार्य रहेका छन् । सीमान्तीय वा 'सीमान्तीकृत' शब्दले राज्यमा रहेका निमुखा वा पहुँचविहीन निरीह समूहलाई बुझाउँछ । ग्राम्सीले यही अर्थ जनाउनका लागि शासित वर्गको अर्थ लगाउनका लागि प्रभुत्वशाली वर्गसँग जोडेर सवाल्टर्न शब्दको प्रयोग गरेका छन् । प्रतिनिधित्व र पहिचान भनेको तिनै सीमान्तीय वर्गको क्रमशः सामाजिक उपस्थिति र चिनारी हो । साहित्यमा प्रतिनिधित्व र पहिचानको सन्दर्भ विशेषतः लैङ्गिकता, जातीयता, क्षेत्रीयता र वर्गीय हिसाबले विश्लेष्य हुने गर्छ (पौडेल, सन् २०२०, पृ. १३५)।

सीमान्तीयतामा प्रतिनिधित्वको अर्थ कुनै वर्ग, लिङ्ग वा जातिको साहित्यमा भएको उपस्थिति हो । "प्रतिनिधित्वको सामान्य अर्थ कुनै वस्तु वा घटनालाई प्रतिनिधित्व गर्नु वा उपस्थित तुल्याउनु हुन्छ । यसको अर्थ प्रतिक्रिया गर्नु पनि हुन्छ" (चैतन्य, २०७०, पृ. १५९) । साहित्यको पाठमा प्रयुक्त पात्रको प्रतिनिधित्वको खोजी महत्त्वपूर्ण मानिन्छ । साहित्यमा प्रतिनिधित्वले विभिन्न सामाजिक श्रेणीहरूले त्यसमा कुन रूपमा प्रतिनिधित्व पाएका छन् भन्ने कुरासँग सम्बन्ध राख्छ (गिरी, २०७०, पृ. २८) । प्रतिनिधित्वको अध्ययन तथा विश्लेषणका क्रममा सामाजिक संरचनाको निर्माण कसरी बनेको छ र समाजमा भएका गतिविधिमा समाजमा रहेको संरचनाअनुसारका मानिसको उपस्थिति र हैसियत के कस्तो छ भन्ने विषयसँग सम्बन्धित रहेको हुन्छ । समाजको संरचना कसरी भएको छ भन्ने प्रतिनिधित्वको केन्द्रीय प्रश्न हो (वाकर, २००० उद्धृत, भट्टराई, २०७०, पृ. ३३६) । साहित्यिक कृतिमा प्रयुक्त पात्रले लैङ्गिक, वर्गीय, जातीय, क्षेत्रीय वा खास विचारधाराको प्रतिनिधित्व गर्छ र त्यही प्रतिनिधित्वको तह वा लिङ्ग वा कुनै प्रकारको वैचारिक पक्षबाट उसको पहिचान खुल्छ । स्टुआर्ट हलले प्रतिनिधित्वका पनि प्रतिविम्बात्मक, अभिप्रायमूलक र संरचनात्मक गरी तीन सिद्धान्त प्रस्तुत गरेका छन् भन्ने चैतन्य (२०७०) ले उल्लेख गरेका छन् (पौडेल, सन् २०२०, पृ. १३४) ।

पहिचान भनेको चिनारी हो, एक प्रकारको परिचय हो । पहिचान समकालीन विश्वमा समाज र राजनीतिका क्षेत्रमा व्यापक वहस भएको विषय हो । "व्यक्तिको पहिचान उसले सम्पादन गर्ने कार्य र त्यसको गुरुत्वले मात्र निर्माण हुँदैन, उसले बोल्ने भाषा, उसले अपनाएको धर्म र संस्कृति, उसको जात र राष्ट्रियता, उसले अपनाएको व्यवसाय र उसका सम्बन्धहरू आदिबाट पनि निर्माण हुन्छन्" (गिरी,

२०७०, पृ. ३१) । यसरी पहिचानले सामूहिक प्रतिनिधित्वको अपेक्षा गर्ने र पछाडि परेका समूहलाई मनोवैज्ञानिक, ऐतिहासिक र राष्ट्रिय आधारमा समावेशी धारमा एकीकृत पार्छ (भट्टराई, २०७७, पृ. ८) । पहिचान भनेको चाहिँ व्यक्तिको स्वत्व र उसको सांस्कृतिक तथा सामाजिक प्रकारको चिनारी हो । प्रतिनिधित्वपछि अनुक्रममा पहिचान आउने गर्छ । पहिचानमा अरु कुराहरू समेटिए पनि यसमा विशेषतः सत्ताको वर्चश्व र विचारधारासँग जोडेर हुर्ने गरिन्छ (पौडेल, सन् २०२०, पृ. १३४)

पहिचानमा सम्बन्धित व्यक्तिका आफ्ना मान्यता वा भिन्न चिनारी र उसका मौलिक तथ्यहरूको विश्लेषण गर्ने गरिन्छ । पहिचान, लैङ्गिक, वर्गीय, जातीय आदि विभिन्न प्रकारका हुन्छन् । लैङ्गिक पहिचान भन्नाले हरेक व्यक्तिको भित्री मन वा अन्तरात्माबाट लैङ्गिकतासम्बन्धी आएको व्यक्तिगत अनुभूति र अनुभव एवम् भित्री मनबाट आएको आन्तरिक बोध र निजले त्यसलाई गर्ने प्रस्तुतीकरण तथा आफ्नो लैङ्गिकता चिनाउन प्रयोग गर्ने शब्दावली हो (विकिपिडिया)।लैङ्गिक पहिचान भन्नाले व्यक्तिको स्वःअनुभूतिको लैङ्गिकता हो । व्यक्तिको भित्री मन वा अन्तरात्माबाट लैङ्गिकतासम्बन्धीको व्यक्तिगत अनुभूति तथा अनुभव निजको लैङ्गिक पहिचान हो । अतः कुनै व्यक्ति आफू महिला, पुरुष वा त्यसबाहेक रहेको अन्तरमनको बोध उसको लैङ्गिक पहिचान हो ।

प्रतिरोध भनेको सांस्कृतिक शक्तिका लागि गरिने आत्मरक्षा हो । त्यो अधीनस्थ सामाजिक घटना परिघटनाबाट सिर्जित हुन्छ । जहाँ सांस्कृतिक शक्तिका रूपहरूमाथि बाह्य वा अन्य पक्षले प्रश्नचिह्न उठाउँछन् तब रमिते बन्न पुगेको वर्ग वा समुदायले दमनकारी शक्तिका विरूद्ध आवाज उठाउन थाल्छ । यसरी आवाज उठाउनु वा विद्रोह गर्नु नै प्रतिरोध हो । वास्तवमा विभेदकारी शक्तिकेन्द्रका विरुद्धमा आवाज उठाउन सक्ने चेतना नै प्रतिरोध चेतना हो । स्पिभाकले सबाल्टर्न आफ्नो प्रतिनिधित्व पनि आफैँ गर्न सक्दैनन् । तसर्थ बौद्धिक वर्गले तिनको प्रतिनिधित्व गरिदिनु पर्छ भनेका छन् (भट्टराई, २०७०, पृ. ३१८) । यस लेखमा समाजमा रहेको लैङ्गिक निर्मिति र सामाजिक संरचनाका विद्यमान ज्ञानका आधारमा भएको पहिचान, प्रतिनिधित्व र प्रतिरोध प्रतिरोधका आधारमा तथ्य विश्लेषण गरेर निष्कर्ष निकालिएको छ ।

## परिणाम र छलफल

### *महिलाको पहिचान र प्रतिनिधित्व*

प्रतिनिधित्व भनेको कुनै पात्र विशेषले गर्ने कार्य हो । सामान्य रूपमा हेर्दा कुनै संस्था वा स्थानबाट चयन भएको प्रतिनिधिले गर्ने कार्य वा खेल्ने भूमिकाको नाम नै प्रतिनिधित्व हो (शर्मा,

२०७८, पृ. ९६) ।साहित्यमा प्रतिनिधित्वको खोजी गर्दा विगतमा साहित्यिक पाठ, सामाजिक प्रक्रिया तथा अर्थतन्त्रका विविध आयामका आधारमा गर्ने गरिएको थियो । आज प्रतिनिधित्वको खोजी समाज र संस्कृतिसापेक्ष कुराहरूमा गरिने हुनाले प्रतिनिधित्वका आधारमा पाठको विश्लेषण गर्न सकिने मत अगाडि आएको छ (भट्टराई, २०७०, पृ. ३३६) ।यहाँ माया ठकुरीको 'युद्ध' कथामा रहेकी नारी पात्रको पहिचान र सोअनुसारको प्रतिनिधित्वको उसका पारिवारिक तथा सामाजिक क्रियाकलाप र नारीमाथि गरिएको शोषण र सो शोषणका विरुद्धमा महिलाले गरेका सङ्घर्षको विश्लेषण गरिएको छ ।

**महिलाको पारिवारिक क्रियाकलाप :** नेपाली समाजमा महिलाले आफ्नो परिवारभित्र शान्त र धीर भएर चल्नुपर्छ । सामाजिक दवाब र तनाबका बिचमा हरेक समस्याको समाधान गर्दै उसले पारिवारिक दायित्वको बोध गर्नुपर्छ । पत्नी एउटी पत्नी मात्र नभएर एकजना उत्प्रेरक, समाधानकर्ता र सहजकर्ताका रूपमा भूमिका निभाइरहेकी हुन्छे । कथामा महिलाको यही पारिवारिक भूमिका देखिन्छ, जस्तै :

***साक्ष्य - १***

*प्रायः उसकी पत्नी ऊप्रति सहानुभूति जनाउँछे, भन्ने गर्छे, "जुन कुरो सम्भव छैन, त्यसको पछि लागेर व्यर्थमा किन पिर गर्नुहुन्छ ? जीवनलाई जस्तो रूपमा पाएका छौँ । त्यस्तै रूपमा स्वीकार गरौँ र आफ्नो कर्तव्य, गर्दै जाऊँ । मलाई तपाईसँग कुनै प्रकारको गुनासो छैन, न ता आफ्नो वर्तमान जीवनसँग नै असन्तुष्ट छु । तपाईंले मलाई भनिसक्नुभएको छ, यो कुरो तपाईँलाई पनि थाहा थिएन । यसर्थ आफूलाई दोषी ठानेर व्यर्थमा पिसिनु उचित छैन" (ठकुरी, २०७४, पृ. २०) ।*

माथिका साक्ष्यमा श्रीमती पात्रले आफू सन्तानविहीन भएर पनि कुनै पीर नभएको व्यक्त गर्छे । आफ्नो श्रीमान्लाई सम्झाउँदै जो सम्भव छैन, त्यसका लागि पिर गरेर प्राप्त हुने होइन । सबै मान्छेले आफ्नो कतव्य गर्न भूल्नु हुन्न र जीवनमा अप्रत्याशित चिजको पछि लागेर प्राप्त चिजको मूल्य घटाउनुभन्दा आफूसँग जे छ त्यसैमा खुशी भएर जिउनु र त्यसैलाई स्वीकार गर्नुपर्छ भन्ने मत राख्दै श्रीमान्सँग कुनै पनि गुनासो, नभएको कुराले श्रीमान्लाई सान्त्वना दिदै आफ्नो कर्तव्य र जागरुकतामा सदैव तल्लीन हुनुपर्ने कुरा श्रीमती अभिव्यक्त गर्छे । जुन कुरा आफूले गर्दा कमजोरी भएको र आफूले सुधार्दा सुधारिने छैन, प्रकृतिद्वारा निर्मित कुरामा आफूलाई दोषी बनाएर व्यर्थमा पिरोलिनु हुन्न भनी

सम्यक् दृष्टिले प्रस्तुत भएकी श्रीमती आफ्ना श्रीमान्‌लाई कर्तव्य र उद्देश्यमा केन्द्रित रहन आग्रह गर्छे। ऊ आफू कुनै रूपमा विचलित हुनु नहुने र कर्मशील रहने कुरामा अडिक रहेकी छे।

नारीले सबै प्रकारको समस्याको समाधान गर्छे। परिवारलाई खुसी राख्न हरतरहले मद्दत गर्छे। नेपाली समाजले नारीलाई जहिल्यै पनि समस्यासँग जुध्न सिकाउँछ र पारिवारिक बोझ उठाउनका लागि जिम्मेवारी प्रदान गर्छ। समाजमा नारीको प्रतिनिधित्व त्यही तरिकाले भएको हुन्छ। समाजले आफूलाई कुन प्रकारको यातना वा पीडा दिएको छ, त्यसको सहन गर्ने कुराका अतिरिक्त नारीले आफैँले अरूलाई पनि सम्हाल्न लागिपर्नुपर्ने परिस्थिति 'युद्ध' कथामा देखिएको छ। कथामा नारी पात्र वा श्रीमतीको यही लैङ्गिक प्रतिनिधित्व देखिन्छ। यहाँ रहेकी नारी आफ्नो लैङ्गिकताको पहिचानका साथ सचेत, जिम्मेवार र क्षमाशील नारीका रूपमा चित्रित भएकी छे र उसका पारिवारिक भूमिका र जिम्मेवारी त्यसैअनुसारका परिपक्व र समझदारपूर्ण रहेका छन्।

**महिलाको सामाजिक क्रियाकलाप :** नेपाली समाजमा महिलाहरू सामाजिक कार्यकलापमा सक्रिय सहभागी भएका छन्। समाजमा महिलालाई सिन्दूर, पोते, सामाजिक नीतिनियम, संस्कार-संस्कृतिका रूपमा बन्धनमा पारिएको छ। पुरुष सत्ता र शक्ति सर्वोपरि रहेको नेपाली समाजभित्र महिलाहरू वास्तवमै किनारीकृत र सीमान्तीकृत पारिएका छन्। समाजमा महिलाको भूमिका नगन्य रहेको छ र कुनै निर्णायक पनि छैन। समाजको संरचना पितृसत्ताका आधारमा बनेको हुनाले समाजमा महिलाले लान्छाना र आरोप सहन गर्नुपर्छ। युद्ध कथाकी नारी पात्र सामाजिक रूपमा सन्तानविहीन वा बाँझी आइमाईका रूपमा रहेकी छे। समाजको संरचनामा पितृसत्ता हाबी भएको र यही विचारको दलदलमा रहेको कथाको श्रीमान् र सबै समाजका सदस्यहरू निःसन्तान हुनुको कारण त्यही नारी पात्रलाई वा श्रीमतीलाई लगाउँछन्। तलको साक्ष्यले नारीको यही विभेदपूर्ण र निरीह जीवनलाई खुलस्त पार्छ :

***साक्ष्य - २***

*तिम्रो सबै दुर्बलता र तिम्रो अधुरोपनलाई आफूमा आत्मसात गरेको थिएँ मैले/अरुले मप्रति लगाएको लाञ्छना र कटु वचनलाई पनि धर्ती बनेर सहेकी थिएँ मैले। त्यो सब गरेँ मैले केवल तिम्रो निम्ति कारण तिमी मेरो सिउँदोको सिन्दूर थियो। अग्नि साक्षी राखेर तिमीले मलाई पाणिग्रहण गरेका थियौ (पृ.२४)।*

माथिको साक्ष्यले आफ्नो लोग्नेको दुर्बलता र अधुरोपना वा सन्तान उत्पाादन गर्ने क्षमताको अभावलाई आत्मसात् गरेर समाजले भनेका सबै प्रकारका वचनलाई सहन गर्ने नारी पात्रको अवस्था देखाएको छ । धार्मिक रूपमा लोग्नेको पाणिग्रहण गरेपछि उसका सबै नकारात्क वा दुर्बल पक्षमा जिम्मेवारझैँ बनेर पुरुषभित्रका दुर्बल पक्ष, अभाव, अपूरो पक्षका कारण नारीमा लागेका लान्छाना र गालीको सामना गर्दै अगाडि बढ्नुपर्ने बाध्यता व्यक्त गर्छे ।

समाजमा महिलाका बारेमा सकारात्मकभन्दा पनि नकारात्मक टिकाटिप्पणी गर्ने र महिलामाथि गाली गर्ने तथा आरोपको प्रहार गर्ने संस्कार रहेको छ । यहाँका महिलाले आफूलाई धर्तीरूपी प्रकृति मानी सामाजिक चोट, कटु वचन, तिरस्कारलाई समेत सहन गर्दै धीर बन्नु परेको यथार्थ कथामा प्रस्तुत भएको छ । यहाँ महिलाले आफ्ना पिर, व्यथा, असह्यपनलाई कसै सामु पोख्नुहुन्न, सबै कुरा सहन गर्नुपर्छ भन्ने मान्यता रहेको छ । आफ्नो पुरुषले उसको शारीरिक दुर्बलताका कारण सन्तान जन्माउन नसके पनि समाजले पुरुषलाई कुनै आरोप वा लाञ्छना लगाएको छैन र यसको जैविकीय दोष नारीलाई मात्र लगाएको छ । यस्ता सबै कुराको सहनका साथमा रहेकी र आफ्नो लोग्नेको पाणिग्रहण गरेकी हुनाले केही नबोली नारीले समाजलाई सहनुपरेको तथ्य यहाँ उद्घाटित भएको छ ।

वैवाहिक जीवनमा सन्तानोत्पादन महत्त्वपूर्ण पक्ष हो । 'युद्ध' कथाको पुरुष पात्रमा सन्तानोत्पत्ति गर्ने शारीरिक क्षमता छैन र ऊ आफ्नो प्राकृतिक रूपमा रहेको कमजोरीलाई ढाकछोप गर्नका लागि श्रीमतीको प्रयोग गरिरहेको छ । आफू भने कुनै डाक्टरकहाँ गएर जँचाउन नमान्ने पुरुष शारीरिक रूपमा मात्र रोगी नभएर मानसिक रूपमा समेत विकृत भएको 'युद्ध' कथाको पुरुष पात्र तत्कालीन समाजको नेपाली पुरुषवृत्तिको प्रतिनिधि उदाहरण मात्र हो । पुरुष विकृत मानसिकका कारण नारी पात्र सीमान्तकृत बनेको नेपाली समाजको जीवन्त चित्र यहाँ कोरिएको छ ।

'युद्ध' कथा भित्रको पुरुष पात्र नपुंसक र नामर्द भन्ने समाजमा लुकेर व्यभिचारीकुवृत्तिबाट बाबु बन्ने प्रयत्न गरिरहेको छ । समाज भनेको मान्छेको संस्कार, संस्कृति, परम्परा रीतिरिवाज, सोचाइ, बुझाइ, भोगाइको समुच्चय रूप हो । मान्छेद्वारा निर्मित समाजका हामी सकारात्मक सोचाइ बुझाइ, भोगाइबाट प्रेरित हुनु जरूरी छ । जब हामीभित्रको मानसिकता आफूभित्र भएको कमजोरी मनोवृत्तिका कारण प्रकृतिप्रदत्त यथार्थलाई स्वीकार गर्न सकेको छैन । कथामा रहेकी नारी पात्रको सामाजिक भूमिका यस्ती सामाजिक रूपले विभेदमा परेकी र आलोच्य नारीका रूपमा देखिएको छ र उसको पहिचान भनेको सामाजिक संरचनाअनुसारको पुरुषका हरेक कुरामा साथ दिने र उसैका साथमा आफ्नो अस्तित्व

देख्ने नारी हो तर यहाँकी नारीमा भने समझदारी र सहयोग तथा समर्पणभित्र पनि चेतना भने टड्कारो रूपमा रहेको छ, जस्तै :

***साक्ष्य - ३***

*मान्दछु हाम्रो धर्म र समाजको संरचनाअनुसार म तिमी पत्नी कहलाउँछु र तिम्रो हरेक दुःख सुखमा साथ दिनु मेरो कर्तव्य हुन आउँछ तर पति हुनुको उच्चाभासले तिमीले तिम्रो इच्छालाई मात्र सर्वोपरि ठान्यो(पृ. २३-२४) ।*

कथाकी श्रमिती पात्र आफ्नो पतिको पुरुष मानसिकता र लोग्ने हुनुको उच्चाभासले ग्रसित रहेको मानसिक अवस्थाको जानकार नारी हो । समाजमा रहेका सामाजिक बन्धनका कारण र धार्मिक विश्वासआदिका कारण उसले समाजमा हेला र आलोचनाको शिकार पनि बन्नु परेको छ भने अर्कोतिर समाजले आफूलाई गरेको अन्याय र आफ्नै लोग्ने पुरुष मानसिकता र त्यसका कारण भएको दम्भ वा पुरुषवृत्तिको पनि जानकार रहेकी कथाकी नारी पात्र आफू चेतनशील पनि छे । त्यसैले उसको सामाजिक पहिचानको भिन्न स्वरूप यहाँ देखा पर्छ ।

**महिला शोषण र सङ्घर्ष :**नेपाली समाजमा नारी वा महिलाले शोषणको मार खेप्नुपरेको छ । महिला वर्गले हरेक क्षेत्रमा सङ्घर्ष गर्नुपरेको छ । महिला वर्ग भएकै कारण स्वतन्त्र र मुक्त भएर बाँच्न यहाँ त्यति सहज छैन । महिलाले खुला आवाजमा आफ्ना तर्कहरू पेस गर्न र आफ्नो चाहानाअनुरूप अघि बढ्न पुरुष सत्ताले लगाम लगाएको छ । महिलाले कुनै विषयमा आफ्नो विचार राख्न पाउँदिन र यदि राखे पनि उसको कुरालाई मानिँदैन । “परम्परागत मान्यतामा रहेका अनेक सामाजिक सांस्कृतिक सन्दर्भले पुरुष र महिलाका बीचमा असमानताको गहिरो खाडल निर्माण गरेको हुन्छ” (ढकाल, २०७०, पृ. ३३१) । समाजमा पितृसत्ताको हावी भएको हुनाले पुरुषले समाजमा आफ्नो परिचय स्थापित गरेपछि नारीहरूलाई अधीनस्थ बनाएको हो । यस हिसाबले भन्ने हो भने समाजमा महिला शोषणको श्रृङ्खला नै रहेको छ ।

कथामा रहेको पुरुष पात्र बाँझोपनबाट ग्रसित भएको छ र उसलाई त्यो कुरो थाहा भएको हुनाले आफ्नी श्रीमतीलाई साधुको आशीर्वादबाट सन्तान उत्पादन हुने कुरा विश्वस्त तुल्याउन खोज्छ । यहाँ खास गरी साधु भनिएको ढोँगी पात्र र श्रीमान् वा तिमी भनिएको पात्र दुवै महिला शोषणको पक्षमा रहेका छन् । श्रीमान् जसरी भए पनि साधुलाई गर्भाधान गर्न लगाएर आफ्नी श्रीमतीको कोखबाट सन्तान उत्पादन गराई समाजमा शिर ठाडो पारेर हिड्ने ध्याउन्नमा आफ्नी स्वास्नीलाई साधुमा

समर्पित गर्न हरतरहले कोसिसमा लागेको छ भने साधु नामको पात्र समाजमा धर्म र विश्वासको सञ्चार गराएर नीति र आचरणको प्रचार गर्ने निउँमा अर्काकी श्रीमतीलाई भोग्न आतुर रहेको देखिन्छ । तलका साक्ष्यहरूले यही कुरो स्पष्ट पार्छन् :

***साक्ष्य - ४***

*तिमीले तिम्रो कुरो मनाउनका लागि अनेक प्रकारको अनुनयविनय गरेका थियौ र अन्त्यमा 'ल आज एकदिन मात्र जाऊ, त्यसपछि विचार गरौंला' भनेका थियौ ।*

*अन्त्यमा म तिम्रो साथमा त्यस साधुकहाँ जान बाध्य भएकी थिएँ । कारण तिमीले त्यस साधुको आशीर्वादको कारणले गर्दा, अनेकौँ सन्तानविहीन दम्पतीले सन्तान प्राप्त गरेको उदाहरण मेरो अघि राख्दै मलाई साधु महाराजप्रति पूर्ण विश्वास छ, उहाँको आशीर्वाद पायौँ भने अवश्य पनि हाम्रो सन्तान हुनेछ भनेका थियौ(पृ. २७) ।*

***साक्ष्य - ५***

*यस रात तिमीले मेरोअघि जुन प्रकारको लज्जास्पद प्रस्ताव राख्यौ, त्यो सुनेर म स्तब्ध भएकी थिएँ । समाजको अघि आफ्नो पौरुष प्रमाणित गर्नका लागि र आफ्नो दमित इच्छा पूरा गर्नका निम्ति तिमीले आफ्नी पत्नीलाई परपुरुषको अङ्गशयिनी बनाउन खोजेका रहेछौ* (पृ.२९) ।

साक्ष्य (४) मा श्रीमान्ले श्रीमतीलाई सन्तकहाँ जान पटकपटक दबाबमूलक अनुनय विनयको नाटक गरेको छ । श्रीमतीले साधु सन्तको कुरा विश्वास गराउन र झारफुकबाट नै सन्तान प्राप्त हुने तथा साधुको आशीर्वाद ग्रहण गरेपश्चात् बाबु बन्ने पक्का भएको कुरा विश्वास दिलाउन अनवरत रूपमा कोसिस गरिरहेको देखिन्छ । साक्ष्य (५) मा पुरुष पात्रका रूपमा रहेको श्रीमान्ले साधुको आशिर्वचनले होइन, साधुको गर्भाधानले नै आफू बाबु बन्ने र त्यति गरिदिनका लागि श्रीमतीलाई अनुनय गर्ने श्रीमान्को प्रस्तावलाई सुनेर स्तब्ध बनेकी श्रीमती र उसलाई साधुकी अङ्गशयिनीबनाएर गर्भधारण गराउने लागेको पुरुष मानसिकता र सोअनुसारको कोसिस चित्रित भएको छ । यी दुवै साक्ष्यले समाजमा रहेको महिलामाथिको चरम शोषण अभिव्यक्त गर्छन् ।

यस्तो शोषण र आत्मसम्मानमा आधात पार्ने पुरुषको कार्यका विरोधका लागि कथाकी श्रीमती पात्रले सङ्घर्ष गरेकी छे । उसले चेतनाका कारण आफूमाथि हुन लागेको शोषणका विरुद्धमा उसमा रहेको चेतनाका कारण सबै कुरालाई समन्वयमा राखेर सन्तुलित तरिकाले सङ्घर्ष गरेकी छे । पुरुषको

षडयन्त्रकारी योजनालाई विपत्तिमूलक देखेर ऊ सहन गरेर रहेकी छैन । कथाकी नारी पात्र आफ्नो उद्देश्य, कर्तव्यमा र सङघर्षशील रहेकी छे । एक बौद्धिक नारी भएकी हुनाले पुरुषका शोषणवृत्तिका विरुद्धमा कथाकी श्रीमती पात्रले सङ्घर्ष गरेकी छे । तलका साथ्यले यही कुरा प्रतिबिम्बित गर्छन् :

***साक्ष्य - ६***

*पूर्वाभास भन्ने कुरालाई मान्नै पर्दो रहेछ, कारण त्यस साधुले तरल पदार्थ रहेको भाँडो मतिर बढाउनासाथ किन किन कुनै विपत्तिको सङ्केत पाएँ र हठात् उसको हातमा जोडसँग हानिदिएँ । उसको हातबाट कचौरा भुँइमा खस्यो र केही बेरसम्म झन्झनायो(पृ. २८-२९) ।*

***साक्ष्य - ७***

*तेस्रो रात पनि, तिमीले मलाई त्यही साधुकहाँ जानका निम्ति आग्रह गरेका थियौ तर मैले तिम्रो आग्रहलाई अस्वीकार गरेकी थिएँ(पृ. २७) ।*

साक्ष्य (६) मा श्रीमान्को ढिपीले गर्दा सन्तकहाँ पुगेकी श्रीमतीले साधु सन्तले दिएको अरक भन्ने वस्तुको भाँडो आफूतिर बढाएर खानका लागि आग्रह गर्दा नै अनिष्टको पूर्वाभास भएर त्यो औषधिको कचौरा भुईंमा खसालीदिएकी छे र बेहोस हुने औषधि ख्वाएर आफूलाई भोग्न चाहने साधुको ढोँगी चरित्रका विरुद्धमा सङ्घर्ष गरेको देखिन्छ भने साक्ष्य (७) मा पुरुष पात्रका रूपमा रहेको श्रीमान्ले साधुकहाँ जानका लागि गरेको तेस्रो प्रयास श्रीमतीले इन्कार गरिदएको देखिन्छ । यी साक्ष्यहरूको विश्लेषणबाट प्राप्त तथ्यका आधारमा सन्तान उत्पादनका लागि भनेर कुनै परपुरुषसँग पौरुषको भिख नमाग्ने नारीको स्वाभिमानी चरित्र र समाजमा नारीलाई खेलौनाका रूपमा प्रयोग गर्ने पुरुष मानसिकता र प्रयत्न दुवैका विरुद्धमा प्रतिकार र सङ्घर्ष गर्ने महिलाको सङ्घर्षको रूप देख्न सकिन्छ ।

***महिलाको प्रतिरोध***

प्रतिरोध भनेको समाजमा रहेको शासकीय सम्बन्धमा रहेका वर्गहरूमध्येको समाजका कुनै पनि कुराको स्थापना र विरोधका लागि गरिएको प्रतिकारको चेतना वा सोच र त्यसको कार्यरूप पनि हो । समाजमा कुनै पनि वर्गको पहिचान र प्रतिनिधित्वका आधारमा पनि प्रतिरोधको निर्क्यौल हुन्छ । चेतनाको तह सबल भएको पात्रमा प्रतिरोधी चेतना र कार्य पनि स्थूल हुन्छ । 'युद्ध' कथामा भएकी नारी समाजमा जिम्मेवार र चेतनशील भएकी हुनाले उसको प्रतिरोधको तह पनि अन्यन्तै सशक्त रहेको छ । समाजले आफूमा लगाएका आरोप र समाजमा भएको लैङ्गिक शोषणमा परेकी श्रीमती पात्रमा सङ्घर्षको चेत आएसँगै प्रतिरोध चेतनाको बिउ रोपिएको देखिन्छ तर यसको अन्तिम वा नतिजामूलक

रूप भने उसले लोग्नेलाई छोडेर नारी अस्मिताका लागि लड्नलाई गरेको उद्घोषलाई मानिन्छ । कथामा रहेको महिला प्रतिकारको अवस्थालाई तलका साक्ष्यले अझ खुलस्त पार्छन् :

***साक्ष्य - ८***

*तिमीले सम्झेका थियौ होला, म तिम्रो मीठो शब्दजाल मा लटपटिएर सजिलैसँग तिमीले बिछ्याएको जालमा फँस्ने छु, तर म मूर्ख होइन । म एउटी शिक्षित नारी हुँ (पृ. २५) ।*

***साक्ष्य - ९***

*आज साँझ जब मनभरि उत्साह बोकेर तिमी मलाई साधुकहाँ आफूसँग लैजान घर फर्कनेछौ, तब मेरो यस पत्रले तिम्रो योजनालाई तहसनहस पारिदिनेछ ।*

*जान्दछु, निकै ठूलो आघात पर्नेछ तिमीलाई मेरो यस प्रकारको व्यवहारले । हुन सक्छ मसँग बदला लिने प्रण पनि गरौला । मलाई मनपरी सरापौला तर मलाई कुनै कुराको बास्ता छैन म समाजको अघि तिमीले लगाइराखेको नक्कली मुखौटो च्यातेर तिम्रो असली रूप देखाउने छु । मलाई विश्वास छ, मैले प्रारम्भ गरेको यस युद्धमा अवश्य पनि म पराजित हुनेछैन (पृ. ३०) ।*

माथिको साक्ष्य (८) मा श्रीमान्को मिठो शब्दजाल लटपटिएर जालमा नफस्ने कुरा अभिव्यक्त गर्दै आफू शिक्षित र बौद्धिक नारी भएकी हुनाले कथाकी श्रीमती पात्रले नेपाली समाजमा पुरुषको थिचोमिचोको मुकाविला गर्ने उद्घोष गरेकी छे । साक्ष्य (९) मा आफ्नो स्वार्थपूर्तिका लागि नारीलाई खेलौनाका रूपमा प्रयोग गर्न उद्धत पुरुष पात्रको जालबाट बाहिर जाने र श्रीमान्को नक्कली मुखुन्डो च्यातेर पर्दाफास गर्न युद्धका लागि तयार भएकी र जीतमा विश्वस्त रहेकी नारीको हुङ्कार देखिन्छ । यी तथ्यहरूले कथाकी नारी पात्रको प्रतिरोधी चेतनाको तह अत्यन्तै सशक्त रहेको देखाउँछन् ।

## निष्कर्ष

'युद्ध' कथामा रहेको कथ्यले समाजमा पितृसत्ता र यसको वर्चश्व जोगाउनका लागि पुरुषले गरेको हदैसम्मको निकृष्ट सोच र व्यवहारलाई समेटेको छ । यस कथामा महिला पात्रमाथि पारिवारिक तथा सामाजिक रूपले विभेद र शोषणको अवस्था रहेको र त्यही शोषण सहेर बसकी महिला पात्रको पहिचानको चित्रण गरिएको छ । कथाकी श्रीमती नामकी महिला पात्र समाजमा संयमित रहेर परिवारको दायित्वबोध गर्छे र समझदारी पनि गर्छे । ऊ परिवारका लागि समाजमा महिलाका लागि लागेका आरोप र लान्छानालाई सहन गर्छे तर त्यसको ज्ञात उसलाई भएको छ । पुरुष आकाङ्क्षाको हदैसम्मको व्यवहार देखेपछि महिलाले सचेत रूपमा त्यस कुराको विरोधमा सङ्घर्ष गरेको देखिन्छ ।

यहाँकी नारी पात्रमा समाजमा नारीलाई भोग्या र खेलौना ठान्ने प्रवृत्तिको विरोध मात्र गरेकी छैन, यस्तो प्रवृत्तिको खुलेर प्रतिरोध गरेकी छे र पुरुष समाजका घृणित व्यवहारको भन्डाफोर गर्न युद्ध छेडेकी छे । समाजमा पितृसत्ताले बनाएका नियमहरू र सन्तानको चाहना र यस्तो चाहना पूरा गर्नका लागि गरिएको घृणित प्रपन्चका विरोधमा प्रतिकारमा उत्रिएकी नारी पात्रको लैङ्गिक पहिचान यहाँ भिन्न प्रकारको देखिन्छ । सामान्य जैविक संरचनामा नारीको आफ्नो चिनारी रहे पनि कथाकी नारी पात्रको सचेत बौद्धिक चेतना र सोहीअनुसारका सुझबुझपूर्ण गतिविधिले उसले शाहसी महिलाको प्रतिनिधित्व गरेको स्पष्ट हुन्छ । कथामा समाजका यस्ता विसङ्गत तथा निन्दनीय सोच र सोही सोचअनुसारको कार्यको विरोधमा सचेत र सशक्त प्रतिरोध देखापर्छ ।

**सन्दर्भसामग्री सूची**


गिरी, अमर (२०७०), सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा, *भृकुटी* (समालोचनात्मक एवम् अनुसन्धानात्मक साहित्यिक-सांस्कृतिक सङ्ग्रह), भाग - १९, पृ. ११-४६ ।

चैतन्य, (२०७०), समकालीन वुर्जुवा दर्शन र सांस्कृतिक अध्ययन,*भृकुटी* (समालोचनात्मक एवम् अनुसन्धानात्मक साहित्यिक-सांस्कृतिक सङ्ग्रह), भाग - १९, पृ. १४२-१६५ ।

ठकुरी, माया (२०७४), *आमा जानुहोस्,* (पाँचौ संस्क.), रत्न पुस्तक भण्डार ।

ढकाल, रजनी (२०७०), सांस्कृतिक अध्ययनमा लैङ्गिकता,*भृकुटी*(समालोचनात्मक एवम् अनुसन्धानात्मक साहित्यिक-सांस्कृतिक सङ्ग्रह), भाग - १९, पृ. ३२६-३३३ ।

पौडेल, शालिकराम (सन् २०२०), छाउपडी उपन्यासमा प्रतिनिधित्व, पहिचान र प्रतिरोध चेतना,*Interdisciplinary Research in Education,* 5, (1 & 2), P 133-144. DOI: https://doi.org/10.3126/ire.v5i1&2.34744

भट्टराई, रमेशप्रसाद (२०७०), *सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू,भृकुटी* (समालोचनात्मक एवम् अनुसन्धानात्मक साहित्यिक-सांस्कृतिक सङ्ग्रह), भाग - १९, पृ. ३३४-३६४ ।

भट्टराई, रमेशप्रसाद (२०७७), *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) विश्लेषण,* भुँडीपुराण प्रकाशन।

शर्मा, मोहनराज (२०७८),*समालोचनाका नयाँ कोण,* ओरियन्टल पब्लिकेसन ।

Barkar, C. (2ooo). *Caltural studies: Theory and Practice.* Thousand Oaks and Sage Publication.

https://ne.wikipedia.org/wiki लैङ्गिक पहिचान ।